पाँचखाल नगरपालिका
वडा नं. १ र २

# बालअधिकार स्थितिपत्र

# CHILD STATUS PAPER-2080

**२०८० साल चैत्र**

पाँचखाल नगरपालिका
वडा नं. १ र २

# बालअधिकार स्थितिपत्र

# CHILD STATUS PAPER-2080

## २०८० साल चैत्र

Table of Contents

**१.१. पाँचखाल नगरपालिकाको चिनारी** ........ ४

**ख. जनसांख्यिक विवरण** ........ ५

**१.२ बालमैत्री स्थानीय शासनको अवधारणा** ........ ७

**१.३ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासनको आवश्यकता :** ........ ७

**१.४ विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएका व्यवस्था** ........ ९

**१.५ बालमैत्री स्थानीय शासनका चुनौती र अवसरहरु** ........ ११

**१.६ बालमैत्री घोषणाका चुनौतीहरु :** ........ १२

**३.१ बालअधिकार (बालबचाउ, बालसंरक्षण, बालबिकास र बालसहभागिता)** ........ १३

**३.२ बालबालिकाको अवस्था** ........ १४

बाल बचाउ ........ १६

बाल संरक्षण ........ १८

बाल विकास ........ २०

बाल सहभागिता ........ २३

# परिच्छेद-१
# परिचय

## १.१. पाँचखाल नगरपालिकाको चिनारी

**क. अवस्थिति**

पाँचखाल नगरपालिका बाग्मति प्रदेशमा पर्दछ । संघीय संरचना अनुसार काभ्रे जिल्लाका तत्कालिन पाँचवटा गाविसहरु पाँचखाल, होक्सेबजार, देवभुमि, वालुवा, अनैकोट र साठीघर भगवती समेटी नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ बैशाख २५ गतेको मन्त्रीस्तरीय निर्णयबाट पारित भै स्थापना भएको हो । मिति २०७३।११।२७ को नेपाल सरकारको निर्णय अनुसार खरेलथोक र कोशीदेखा गाविस समेत पाँचखाल नगरपालिकामा थप गरिएको हो । यस पालिकाको क्षेत्रफल १०३ वर्ग किमि रहेको यो पालिका क्षेत्रफलको आधारमा काभ्रे जिल्लाको दोश्रो ठुलो नगरपालिकाको हो ।

काभ्रेपलाञ्चोक जिल्लाको मध्यभागमा रहेको यो नगरपालिकाको पाँचखाल (पालिकाको कार्यालय रहको स्थान) काठमाडौंबाट ४५ कि.मि. को दूरीमा अरनीको राजमार्गको छेउमा पर्दछ । पाँचखाल पालिकामा उर्वर बेशी समेत रहेको छ जुन् समुन्द्र सतहबाट ९३७ मिटरको उचाइमा अवस्थित छ । यस नगरपालिकामा पाँचखाल उपत्यकाको उर्वर भूमिको साथै तत्कालिन अनैकोट, होक्सेबजार, साठीघर भगवती गाविसहरुका भिरालो जमिनहरु रहेका छन् । यहाँ कृषि उत्पादन र पशुपालनका साथै आन्तरीक पर्यटन उद्योगको समेत प्रचुर सम्भावना रहेको छ । पर्यटकीय क्षेत्रको रुपमा रहेको पलाञ्चोक भगवतीको मन्दिर, अनैकोट भ्यु टावर, दुग्धेश्वर मन्दिर, सुनकोशी नदि किनार आदि परिचित रहेको हुदाँ यहाँ स्थानीय पर्यटन उद्योगको समेत उत्तिकै सम्भावना रहेको देखिन्छ ।

वडागत रूपमा साविकको अनेकोट गा.वि.स.का वडा नं १,६,७,९ मिलेर वडा नं. १ र सोही गा.वि.स.का वडाहरू २,३,४,५,८ र ९ मिलेर वडा नं. २ बनेको छ । यी वडाहरूमा विशेष गरी वडा नं. १ मा तामाङ, ब्राह्मण, क्षेत्रीको बाहुल्यता रहेको छ भने वडा नं. २ मा ब्राह्मण क्षेत्रीको बाहुल्यता रहेको देखिन्छ ।कृषि नै जिविकोपार्जनको मुख्य पेशा रहेको यस वडामा आलु र धान मुख्य रूपमा उत्पादन हुन्छ ।

## ख. जनसांख्यिक विवरण

पाँचखाल नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार ९१३३ घरधुरी रहेको छ भने जम्मा जनसंख्या ३५५४१ रहेको छ। जसमा पुरुष ४८.४६ प्रतिशत र महिला ५१.५६ प्रतिशत रहेको छ। पालिकामा पुरुषको तुलनामा महिला जनसंख्या बढी देखिन्छ।

| वडा | जम्मा घरधुरी संख्या | जनसंख्या | | | औषत परिवार संख्या | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| सबै वडा | ९१३३ | ३५५२१ | १७२१२ | १८३०९ | ३.८९ | ९४.०१ |
| १ | ७५४ | २७९९ | १३६५ | १४३४ | ३.७१ | ९५.१९ |
| २ | ८८४ | ३७०४ | १८१५ | १८८९ | ४.१९ | ९६.०८ |

स्रोत: राष्ट्रीय जनगणना २०७८, केन्द्रीय तथ्यांक विभाग

पाँचखाल नगरपालिकाको वडा नं. १ मा ७५४ घरधुरी र जनसंख्या २७९९ रहेको छ । जसमा पुरूष १३६५ र महिला १४३४ जना छन् । वडा नं. २ मा ८८४ घरधुरी र जनसंख्या ३७०४ रहेको छ । जसमा पुरूष १८१५ र महिलाको जनसंख्या १८८९ रहेको छ । दुबै वडाहरूमा महिलाको जनसंख्या पुरूषको तुलनामा बढी रहेको देखिन्छ ।

### साक्षरता

| वडा | लागि | ५ वर्ष माथीको जनसंख्या | जनसंख्या | | | उल्लेख नभएको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | लेख्न र पढ्न सक्ने | पढ्न मात्र सक्ने | लेखपढ गर्न नसक्ने | | |
| **सबै वडा** | | | | | | | |
| | जम्मा | ३३१८९ | २४९४० | ९२ | ८१५६ | १ | ७५.१५ |
| | पुरुष | १५९८४ | १३५०० | ४३ | २४४१ | ० | ८४.४६ |
| | महिला | १७२०५ | ११४४० | ४९ | ५७१५ | १ | ६६.४९ |
| १ | | | | | | | |
| | जम्मा | २६२७ | १८१३ | ५ | ८०९ | ० | ६९.०१ |
| | पुरुष | १२८० | ९९७ | २ | २८१ | ० | ७७.८९ |
| | महिला | १३४७ | ८१६ | ३ | ५२८ | ० | ६०.५८ |
| २ | | | | | | | |
| | जम्मा | ३४५१ | २५४० | २ | ९०९ | ० | ७३.६० |
| | पुरुष | १६८० | १३९४ | १ | २८५ | ० | ८२.९८ |
| | महिला | १७७१ | ११४६ | १ | ६२४ | ० | ६४.७१ |

स्रोत: राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्यांक विभाग

नगरपालिकाको तुलनामा वडा नं. १ र २ नै साक्षरतामा अलिकम देखिन्छ । पालिकामा ७५.१५ प्रतिशत साक्षरता रहेको छ भने वडा नं. १ मा ६९ र वडा नं. २ मा ७३.६० प्रतिशत साक्षरता

रहेको छ । पुरूषको र महिलाको साक्षरता क्रमशः ८४ र ६६ भन्दा बढी प्रतिशत छ भने दुवै वडाहरूमा साक्षरता दर कम रहेको देखिन्छ ।

### बालबालिकाको जनसंख्या

| उमेर समूह | वडा नं. १ | | | वडा नं. २ | | |
|---|---|---|---|---|---|---|
| उमेर समूह | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका |
| ००-०४ वर्ष | १७२ | ८५ | ८७ | २५३ | १३५ | ११८ |
| ०५-०९ वर्ष | १९५ | ९९ | ९६ | २८४ | १३९ | १४५ |
| १०-१४ वर्ष | २७२ | १४१ | १३१ | ३०८ | १६० | १४८ |
| १५-१९ वर्ष | २८२ | १३४ | १४८ | ३२९ | १५९ | १७० |
| | ९२१ | ४५९ | ४६२ | ११७४ | ५९३ | ५८१ |

स्रोत: राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्यांक विभाग

वडा नं. १ मा १९ वर्ष मुनीका बालबालिकाको जनसंख्या ९२१ रहेको छ जसमा ४९.८४ प्रतिशत बालक रहेका छन् भने ५०.१६ प्रतिशत बालिका रहेका छन् । वडा नं २ मा रहेका ११७४ जना बालबालिका मध्ये ५०.५१ प्रतिशत बालक रहेका छन् भने ४९.४९ प्रतिशत बालिका रहेका छन् । वडा नं. १ मा बालिकाको संख्या बढी देखिन्छ भने वडा नं. २ मा बालकको संख्या अलि बढी देखिन्छ ।

### खानेपानी तथा स्रोतको विवरण

| वडा | जम्मा | खानेपानीको मुख्य स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घरमा पाइप | धारा | ट्यूवेल, हातेपम्प | छोपिएको कूवा, इनार | खुला कूवा, इनार | मुलको पानी | खोला | जार बोतल | अन्य |
| सबै वडा | ९१३३ | ४०३१ | २८६९ | १४ | ७५० | ६०६ | ६७४ | ७४ | ८४ | ३१ |
| वडा १ | ७५४ | २६२ | ४२१ | ० | ६ | ६४ | १ | ० | ० | ० |
| वडा २ | ८८४ | ४७७ | ३१४ | ३ | ३१ | ३३ | २६ | ० | ० | ० |

स्रोत: राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्यांक विभाग

परिवारमा नै पाइपको खानेपानीको सुविधा प्राप्त गर्ने परिवारहरु वडा न ं. १ मा ३४।७४ प्रतिशत परिवार रहेका छन् । सार्वजनिक धारा समेत प्रयोग गर्ने परिवार ४२१ छन् भने खुला पानीको स्रोत प्रयोग गर्ने परिवार ८.४९ प्रतिशत रहेका छन् । वडा नं. २ मा पाइपको पानीको सुविधा भएका परिवारहरु ५४ प्रतिशत रहेका छन् । वडा नं. २ मा खुला पानीको मुहान प्रयोग गर्ने परिवारहरु ६.६७ प्रतिशत रहेका छन् ।

## शौचालय प्रयोगको अवस्था

| वडा | जम्मा | शौचालय सुविधाको अवस्था | | | | शौचालय सुविधा नभएको |
|---|---|---|---|---|---|---|
| | | फ्लस शौचालय, ढलमा मिसाउने | फ्लस शौचालय, सेफ्टी टैंकी | खाल्डे चर्पी | सार्वजनिक शौचालय | |
| सबै वडा | ९१३३ | १४९ | ५७४६ | २८७० | १७ | ३५१ |
| १ | ७५४ | ५ | ४१८ | १९७ | ० | १३४ |
| २ | ८८४ | १३ | ५२४ | ३०९ | ३ | ३५ |

स्रोत: राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्यांक विभाग

२०७५ सालमा नै खुला दिसामुक्त पालिका घोषणा गरेको भएता पनि २०७८ सालको तथ्यांकले पालिकामा खुला दिसामुक्त घोषणा पश्चातका गतिविधिहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । अहिले पनि समग्र पालिकामा २८७० खाल्डे चर्पी प्रयोग भइरहेको देखिन्छ भने वडा नं. १ मा १९७ (२६ प्रतिशत) र वडा नं. २ मा ३०९ (३५ प्रतिशत) घरधुरीमा पक्की चर्पी निर्माण गर्न पर्ने देखिन्छ ।केही परिवारहरू मध्ये वडा नं. १ मा १३४ र वडा नं. २ मा ३५ घरधुरीले परिवारमा शैचालय नभएको बताएको देखिन्छ ।

## १.२ बालमैत्री स्थानीय शासनको अवधारणा

बालमैत्री स्थानीय शासन बाल अधिकारका समग्र पक्षहरु (बाल बचाउ, बाल संरक्षण, वाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा अन्य प्रचलित कानुन बमो जिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। बाल अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय महासन्धी (CRC), १९८९ को अवधारणा, २०४८ तथा स्थानीय स्वायत्त शासन ऐन, नेपालको संविधान २०७२ मा भएको बालअधिकार सम्बन्धी व्यवस्था, नेपालको, बालबालिका सम्बन्ध आवाधिक योजना र बार्षिक कार्यक्रमहरु ऐन, २०५५ ले बालबालिकाको पक्षमा नीतिगत एवं कानूनी प्रावधान र ाखी बाल अधिकारको समग्र पक्षमा वकालत गरेका छन् । स्थानीय सरकारको रुपमा रहेका नगरपालिका, जिल्ला विकास समिति जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने तहको रुपमा स्थापित भएको सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय शासन पद्धतिको आत्मसात् गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिएको ले बालमैत्री स्थानीय शासनको अवधारणा अगाडि आएको हो ।

## १.३ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासनको आवश्यकता :

बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्दछ भनी परिभाषित गरेको छ भने संयुक्त राष्ट्रसंघिय बालअधिकार महासन्धी, १९८९ को धारा १ अनुसार "१८ बर्षमुनिका सबै मानवलाई बालबालिका मानिने छ तर राष्ट्रिय कानुनले बाल्यावस्थाको उमेर तोक्न सक्नेछन्" भनी बालबालिकालाई परिभाषित गर्ने जिम्मेवारी कुनै पनि मुलुकको कानुनका आधारमा

तोकिने व्यवस्था गरेको छ। नेपालको कानुनले बालअधिकार महासन्धीलाई अनुसरण गर्दै बालबालिकाको उमेर १८ वर्ष तोकेको छ।

बालअधिकारलाई मुलतः चार वटा क्षेत्रहरु, बाल बचाउ; बाल संरक्षण, बाल विकास र बाल सहभागितामा वर्गीकरण गरेर हेर्ने गरिएको छ। यी क्षेत्रहरुलाई व्यवस्थित तरिकाले कार्यान्वयन गर्न कुनै पनि निकायहरु जिम्मेवार हुनुपर्ने, शासन प्रणालीमा आवद्ध हुनुपर्ने भएकोहुँदा स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया तथा व्यवहारमा संस्थागत गर्ने शासकिय पद्धति नै बालमैत्री स्थानीय शासन पद्धति हो। यसर्थ सूचकहरु विकसित गर्दा चार वटा मुख्य पिलरका अतिरिक्त संस्थागत सुधार वा व्यवस्था भनेर थप सूचकहरुको व्यवस्था गरिएको छ। स्थानीय निकायलाई बालबालिकाको हितमा योजना तर्जुमास्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यलाई शासकीय प्रणालीले उपयुक्त वातावरण निर्माण गर्न मद्दत गर्दछ। यसर्थ बालमैत्री स्थानीय शासनको आवश्यतालाई निम्न बुँदाहरुमा दर्शाउन सकिन्छ।

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरुको विकासका लागि अनुकूल र बालमैत्री
- वातावरणको सिर्जना गर्न।
- बालबालिकाको विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरुको
- जीवनस्तरमा सुधार गर्न।
- बालबालिकाले आफ्नाका लागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न।
- बालबालिकाहरुमा आत्मबल र विश्वासको विकास भई वयस्कप्रति सम्मानको भावना जागृत पार्न।
- बालबालिकाहरु आफ्नो अधिकार प्राप्त गरी कर्तव्यप्रति पनि जिममेवारी बोध गर्न।
- बाल सञ्जालहरुको विकास, बाल सहभागिताको विकास र गाँउ समाजको नाम राख्न।
- बालबालिकाको उज्जवल भविष्य निर्माण गर्न।
- परिवार र स्थानीय निकायहरुमा बालबालिकाप्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न।
- बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्याप्रति सरोकारवालालाई जिम्मेवार बनाउन।
- बालबालिकालाई सुरक्षित रुपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन।
- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरुको आवाज सुनुवाई गर्न।
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न।
- आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरुले बोलेका कुराहरु निर्णयकर्तालाई
- बुझाउन सक्ने अवसरको सिर्जना गर्नु।
- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरुबाट संरक्षण गर्न।
- देशका लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न।

## १.४ विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएका व्यवस्था

### (क) राष्ट्रिय कानुन व्यवस्था :

### नेपालको संविधान, २०७२

नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गतको ३९ नं. बुँदामा बालबालिकाको अधिकारको विषयलाइ मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसमा निम्न अनुसारका बालबालिकाका अधिकारहरु मौलिक हकको रुपमा व्यवस्थित गरिएका छन्।

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

### (ख) बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रबर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिकासम्बन्धी प्रचलित कानुनहरु संशोधन र परिमार्जन गर्न बालबालिका सम्बन्धी ऐन २०७५ जारी भएको छ। यो ऐन २०७५ साल असोज महिनामा संसदबाट पारित भएको थियो। यो ऐन बालबालिका सम्बन्धी ऐन २०४८ लाइ परिमार्जन गर्ने गरि तयार भएको छ।

यो ऐनले बालबालिका सम्बन्धी परिभाषा गर्ने, उमेरको आधार मान्ने, बालबालिकाको सर्वोत्तम हितका लागि कार्य गर्ने बालबालिकाका कर्तव्यहरु समेत निर्धारण गर्ने, बालअधिकार उल्लंघन भएकोमा हुने दण्ड जरीवाना समेतको व्यवस्था गरेको छ। ऐनले परिवारको दायित्व समेत निर्धारण गरेको छ, जसअनुसार बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरन्जनको सुविधाहरुको व्यवस्था गर्नुपर्ने जस्ता प्रावधान गरेको छ।

## (ग) बालअधिकार सम्बन्धी महासन्धी (CRC)

बालआधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९०मा अनुमोदन गरेको) ले बालआधिकार को सम्मान, संरक्षण र संवर्द्धन गर्न गैरविभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिण विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाइ प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भइ बाल बचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता ४ ओटा क्षेत्रमा केन्द्रित हुदै बालआधिकारलाइ सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाइ शासन व्यवस्थाको प्रतिफल दिलाउन आश्यक छ।

## (घ) बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६

कसैले पनि बालकलाइ ललाई, फकाइ वा झुक्काएर वा कुनै पनि प्रलोभनमा वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुदैन भन्ने व्यहोरा ऐनको दफा ४ मा उल्लेख भएको छ। यसैगरी बालकलाई काममा लगाउदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टा भन्दा बढि अतिरिक्त पारिश्रमिक दिइ वा नदिइ काममा लगाउनु हुदैन भन्ने व्यहोरा दफा ९(२) मा रहेको छ। ऐनको दफा १० (१) ले प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाइ लिङ्ग, वर्ण, धर्म वा जातजातीको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा ११ ले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ।

## (ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ का व्यवस्था

माथि उल्लेख गरिएका बाहेक विद्यमान नियममा बालबालिका सम्बन्धी निम्नानुसार का ऐन, नियम, नियमावली तथा योजनाारुमा व्यवस्था गरिएको छ :

- बालबालिका सम्बन्धी नियमावली, २०५१
- बालश्रम (निषेध र नियमित गर्ने नियमावली, २०६२
- बाल न्याय (कार्यविधि) नियमावली, २०६३
- आपतकालिन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७
- अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री ब्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७
- नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रक्रिया, २०६
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

## (च) दक्षिण एसियाली क्षेत्रिय कानुनी ब्यवस्था :

- वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध संघर्ष गर्ने सम्बन्धमा ब्यवस्था भएको सार्क महासन्धि, २००२
- दक्षिण एशियामा बालकल्याण प्रवर्द्धनका लागि क्षेत्रीय ब्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२

**(छ) संयुक्त राष्ट्र संघ अन्तर्गतको व्यवस्था**

- बालअधिकार सम्बन्धी महासन्धि, १९८९
- सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको एच्छिक प्रलेख, २०००
- बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध बालअधिकार सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २०००
- स्वतन्त्रताबाट वञ्चीत अल्पवयस्कको संरक्षण सम्बन्धी संयूक्त राष्ट्रसंघीय नियमावली
- अल्पवयस्कको न्यायप्रशासनका लागि संयूक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (वेईजिङ, नियमावली)
- अल्पवयस्क विज्याँई रोकथामका लागि संयूक्त राष्ट्रसंघीय मार्गदर्शन (रियाद मार्गदर्शन)
- गैर हिरासतीय उपायसम्बन्धी संयूक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो, नियमावली)
- (व्यक्तिगत) उजुरी प्रक्रिया सम्बन्धी बाल अधिकार महासन्धिको इच्छाधीन आलेख, २०११ ।

**(ज) अन्तराष्ट्रिय श्रम सङ्गठन अन्तर्गत व्यवस्था**

- अन्तराष्ट्रिय श्रम संगठनसम्बन्धी महासन्धिहरु (बालबालिका सम्बन्धी) महासन्धि संख्या, १३८ र १८२
- बालश्रमका निकृष्ट स्वरुपसम्बन्धी महासन्धि, १९९९

**(झ) अन्य व्यवस्थाहरु**

- संबैधानिक घोषणाहरु जस्तै दलित, महिला, बालबालिकाको हकमा बिशेष प्रावधान सहित सकारात्मक विभेद गर्न सकिने ।
- मानव वेचविखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ र सा को नियमावली २०६५
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र सोको नियमावली २०६७

## १.५ बालमैत्री स्थानीय शासनका चुनौती र अवसरहरु

बालअधिकार महासन्धिको अनुमोदन नेपालले सन् १९९० मा नै गरेको हो । कुनै पनि सन्धीहरुको अनुमोदन गरे पश्चात उक्त मुलुकले सन्धीमा भएका प्रावधानहरुलाई राष्टिय ऐन नियममा समेटेर कार्यान्वयन गर्नुपर्ने हुन्छ । बालअधिकार महासन्धीको पक्ष राष्ट भएको नाताले नेपालले यी सन्धीमा भएका बालअधिकार सम्बन्धी प्रावधानहरु कार्यान्वयन गराउनुपर्दछ । यो महासन्धीले बालबालिकाहरु प्रति राज्यलाई जवाफदेही बनाएको र यसै प्रति लक्षित भई तत्कालिन नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०७८ र यसको कार्यान्वयन निर्देशिका २०७९ जारी भइसकेको छ। बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्यपद्धति र प्रणालीमा आबद्ध गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन प्रणाली अवलम्बन गर्नु प्रत्येक स्थानीय सरकारको अनिवार्य दायित्व हुन आएको छ ।

पाँचखाल नगरपालिका पूर्ण खोप, खुल्ला दिसा मुक्त नगरपालिका घोषणा भइसकेको छ । यसरी घोषणा हुनु भनेको बालमैत्री स्थानीय शासनका सूचकहरु पुराहुँदै जानु हो । कतिपय कामहरु पालिकाले सम्पन्न गरिसकेको र केही कामहरु तयारी गरिरहेको देखिन्छ ।

**बालमैत्री घोषणाका सम्भावनाहरुलाई बुँदागत रुपमा यस प्रकार प्रस्तुत गरिएको छ :**

१. पाँचखाल नगरपालिका पूर्णखोप मुक्त नगरपालिका घोषणा भइसकेको छ ।

२. यस पालिका खुला दिसामुक्त नगरपालिकाको रुपमा घोषणा भइसकेको छ ।

३. पाँचखाल नगरपालिकाले बालमैत्री नगरपालिका बनाउनका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०७८ बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन गर्नु ।

४. नगरपालिकाको योजना अनुसार २ वटा वडाहरुमार्फत बालअधिकार सम्बन्धी स्थिति पत्र तयारी गर्न शुरु गर्नु ।

५. विभिन्न संघसंस्थाहरु पालिकामा कार्यरत रहनु ।

६. समुदाय र विद्यालयहरुमा बालक्लव र बाल सञ्जालहरु गठन र क्रियाशील रहनु ।

७. बालमैत्री स्थानीय शासन नगर समिति, राजनीतिक दल, नगर बाल संरक्षण समिति, महिला सहकारी, लैङ्गिक हिंसा निगरानी समूह, नगर तथा वडाका बालसंजाल र बालक्लबहरु लगायतका संरचना निर्माण र परिचालनको अवसर रहनु ।

८. २०७६ सालमा नै नगरपालिका पूर्ण साक्षर घोषणा भइसकेको देखिन्छ तर पालिकाको साक्षरता दर ७५ प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता दर ८४ प्रतिशत रहेको देखिन्छ भने महिला साक्षरता दर ६६ प्रतिशतको आसपास देखिन्छ । यद्यपी पालिकाले पूर्ण साक्षरता घोषणा गर्न अवलम्बन गरेका नीतिहरु अहिले पनि कामकाजी हुन सक्दछन् ।

९. पालिकामा केही सामाजिक संघसंस्थाहरुले समेत काम गरिरहेको देखिन्छ ।

१०. पालिका स्तरीय बालमैत्री नगरसमिति निर्माण भएको छ जसले पालिकालाई बालमैत्री नगरपालिका निर्माण गर्न सहजीकरण गर्न सक्दछ ।

### १.६ बालमैत्री घोषणाका चुनौतीहरु :

अवसरका अतिरिक्त केही चुनौतिहरु समेत रहेका छन् । यी चुनौतिहरुको समाधान गरि बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्नु अपरिहार्य रहेको छ ।

१. बालमैत्री स्थानीय शासन राष्टिय रणनीति एव कार्यान्वयन कायविधि २०७८ मा तोकिएका सूचक बमोजिमको नतिजालाई प्रभावकारी रुपमा टिकाइ राख्ने ।

२. बालमैत्री स्थानीय शासनलाई सफल बनाउन विषयगत कार्यालय र अन्य संघसंस्थालाई निरन्तर विशेष जिम्मेवारी वोध गराउने ।

३. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा तोकिएको बाल बचाउ अन्तर्गत तेश्रो र सातौं दिनमा सुत्केरी र नवजात शिशुको जाँचलाई प्रभावकारी गराउने ।

४. बालबालिकाका हरेक वर्ग, समुदाय, लिंग, क्षेत्र जाती आदि सबै जनतामा बालमैत्री आचार संहिताको सफल व्यवहारिक कार्यान्वयन गर्ने ।

५. बाल कोषको स्थापना, निरन्तरता एवं वृद्धि गर्ने ।

६. बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, सहभागिता जस्ता पक्षको उच्चतम प्रवर्द्धन गर्न ।

# परिच्छेद-३
# बालअधिकार र बालबालिकाको अवस्था

## ३.१ बालअधिकार (बालबचाउ, बालसंरक्षण, बालबिकास र बालसहभागिता)

बालबालिकाको विशेष हेरचाह, स्याहार र संरक्षणको लागि उनीहरुलाई बाँच्नको लागि चाहिने आधारभूत कुराहरुको व्यवस्था गर्नु, शिक्षा प्रदान गर्नु, स्वास्थ्य सेवा पुऱ्याउनु, खेल, मनोरञ्जन र आराम गर्न दिनु, माया, स्नेह गर्नु, हेला दुर्व्यवहार र शोषण हुनु लगायतका कुनै पनि खाले हिंसात्मक एवं सशस्त्र गतिविधीबाट जोगाउनु पर्दछ। सबै बालबालिकाले माया, स्नेह, शान्ति, समझदारी र सुरक्षित वातावरणमा रहेर असल शिक्षा हासिल गर्नु, स्वस्थ हुनु तथा सुरक्षित रुपमा आफ्नो बालापन बिना अवरोध बिताउन पाउनु पदर्छ । बालबालिकाको पनि मानवीय अस्तित्व छ र उनीहरुलाई पनि सम्मान गरिनु पर्दछ । एउटा सक्षम नागरिकको रुपमा हुर्कनका निम्ति प्रत्ये क बालबालिकाका लागि आवश्यक हुने माथि उल्लेखित कुराहरुको समग्र रुप नै बालअधिकार हो । बाल अधिकारका चार पक्षहरु निम्नानुसार छन् ।

### क. बाँच्न पाउने अधिकार

मर्यादित जीवन मानवअधिकारको विषय हो । बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भावस्थादेखि सुत्केरी हुने अवस्थासम्म आमाको स्वास्थ्य नै बालबालिकाको जीवन हो । गर्भवती आमाको स्वास्थ्यको हेरचाह हुनु समय समयमा गर्भजाँच गराउनु, सुरक्षित स्थानमा सुत्केरी गराउने व्यवस्था हुनु आमा र बच्चा दुवैको जीवनको सुरक्षाका विषयहरु हुन् । गर्भमा रहेदेखि नै सुरक्षित हुनका लागि गर्भवती महिलाको विशेष स्याहार लगायत बालबालिकाको सुरक्षित रुपमा जन्म हुनुपर्दछ । जन्मे पछि पौष्टिक आहार र आवास, स्वस्थ वातावरण, सफा पानी, खोप, स्वास्थ्य स्याहार तथा प्राथमिक उपचार लगायतका आधारभूत कुराको व्यवस्था हुनुपर्दछ ।

### ख. संरक्षण पाउने अधिकार

प्रत्येक बालबालिकाले भेदभाव, शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन एवं हानीकारक काम तथा युद्धमा संलग्न हुनुपर्ने स्थिति, ओसारपोसार तथा बेचविखन र आमाबाबुबाट अलग्गिनु पर्ने लगायतका जोखिमपुर्ण स्थितिबाट सुरक्षित हुन पाउनुपर्छ। अपाङ्ग तथा परिवारविहीन बालबालिकाको निम्ति विशेष व्यवस्था हुनुपर्छ । सम्पुर्ण बालबालिकालाई कानुनी संरक्षण प्राप्त हुनुपर्छ । यी विषयहरु बालबालिकाको संरक्षण पाउने अधिकारहरु हुन् ।

### ग. विकास गर्न पाउने अधिकार

स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरञ्जन, खेल र आराम गर्ने, बाबुआमाको समान माया-ममता पाउने, उचित स्वास्थ्योपचार लगायतका उचित जीवनस्तरका निमित्त चाहिने एवं बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरु प्राप्त गर्ने अधिकार प्रत्येक बालबालिकको जन्मसिद्ध अधिकार हो ।

### घ. सहभागी हुन पाउने अधिकार

बालबालिकाको जीवनमा प्रभाव पार्ने नीतिनिर्णयहरुमा बालबालिकाको आफ्नो कुरा सुनिनुपर्ने र सो विचारको कदर गरिनु पर्ने, रचनात्मक कार्य, सामाजिक र सास्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउनु, आस्थाअनुसारको धर्ममा संलग्न हुने, बालबालिका सम्बन्धी कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्त गर्न, संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु सबै बालबालिकाले पाउनुपर्दछ। यसै अनुसार पालिका स्तरमा बालक्लबहरु क्रियाशील रहेका छन्। जसले बालबालिकाका लागि योजना छनौट गर्ने, बालभेलामा सहभागी हुने, विद्यालयमा अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने, बालबालिकाहरु स्वयंले आफ्नो हितका लागि कार्यक्रमहरु आयोजना गर्ने प्रचलन रहेको छ।

### ख) बालअधिकार र बालबालिकाको अवस्था

बालमैत्री स्थानीय शासन रीष्ट्रिय रणनीति एवं कार्यान्वयन कार्यविधि २०७८ मा तोकिएका सेवा प्रवाह र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७९ मा उल्लेख भएका प्रावधानहरुका आधारमा पालिकाको बालबालिकाको अवस्था प्रस्तुत गरिएको छ। नगरपालिकाले बालअधिकारको संरक्षण प्रवर्द्धनका लागि निरन्तर काम गर्दै आइरहेको छ। उक्त कामहरुलाई सुत्रबद्ध गर्न र पालिकालाई बालमैत्री घोषणा गर्न निर्देशिकाले निर्धारण गरेका विधि र पद्धति एवम् प्रकृयाहरु अवलम्बन गर्नुपर्ने हुन्छ। यसर्थ निर्देशिकामा उल्लेख भएका सूचकहरु प्राप्तिका लागि गरेका कामहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ।

## ३.२ बालबालिकाको अवस्था

विशेष गरी गर्भवती आमा तथा बालबालिकाको स्वास्थ्य र घरपरिवारको सरसफाई सँग सम्बन्धीत यस बाल बचाउका सूचकहरुमा प्राथमिक स्वास्थय केन्दहरुले सेवा प्रवाह गरिरहेको अवस्था छ। गरपालिका र वडाका कार्यक्रमहरुले खानेपानी तथा सरसफाइमा योगदान गरिरहेको छ। पालिकामा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु र विद्यालयहरुले समेत बालबचाउका सूचकहरुमा योगदान गरिरहेका छन्।

**बालबालिकाको बाँच्न पाउने अधिकार संरक्षणका लागि पाँचखाल नगरपालिकामा भएका महत्वपूर्ण कार्यहरु यस प्रकार रहेको छ :**

१. सुरक्षित मातृत्व, पूर्ण स्तनपान, आइरन चक्की प्रयोग र वर्थिङ्ग सेन्टरको प्रयोग सम्बन्धी सचेतना कार्यक्रम संचालन ,घरदैलो अभियान।
२. नगरपालिकाको सम्पूर्ण क्षेत्रमा सुनौलो हजार दिन कार्यक्रम संचालन।
३. पूर्ण खोप सुनिश्चितताको घोषणा।
४. बालबालिकालाई स्वास्थ्य उपचार र शैक्षिक सहयोग वितरण। वस्तीहरुमा सचेतना कार्यक्रम।
५ .खुल्ला दिशा मुक्त नगरपालिकाघोषणा। पूर्ण सरसफाइको क्रियाकलाप अगाडि बढाइएको।
५. चर्पी गएपछि, खाना खानु अगाडि र बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुनुपर्ने विषयमा विद्यालय र समुदाय स्तरमा सचेतना कार्यक्रम संचालन।

६. खानेपानीको शुद्धिकरणको लागि बालुवा द्वारा पानी छान्ने प्रविधिको प्रयोग गरिएको ।
७. आ.व. २०७५/०७६ लाई खानेपानी वर्षको रुपमा घोषणा गरी लगानी बढाइएको ।

**बाल** बचाउ

अन्तर्गत १४ वटा सूचकहरू रहेका छन् । यीनै सूचकहरूको पूर्णताको अवस्था कायम भएको अवस्थामा बालमैत्री वडा घोषणा गर्ने वातावरणा तयार हुने भएको हुँदा यी सूचकहरूको विवरण यहाँ राखिएको छ । यस अन्तर्गत गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने छ । यसरी नै गर्भवती महिलाले टिटी विरुद्धको २ वटा खोप लगाएके हुनुपर्ने, गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने तथा दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको हुनुपर्दछ । बच्चा जन्मेपछि ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराएको हुनुपर्ने, ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएको हुनुपर्दछ ।तोकिएका खोपका मापदण्ड पुरा गरी सम्बन्धित वडाहरू पूर्ण खोपयुक्त घोषणा भएको हुनुपर्दछ । यसरी नै एच आई भी संक्रमित आमाहरू भएको भए उनीहरूबाट जन्मिएका बालबालिकाले ARV Prophylaxis पाएको हुनुपर्दछ ।

सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको हुनुपर्दछ । कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनुपर्न र अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनुपर्दछ । सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्धता, साबुन पानीले हात धुने परिपाटीको विकास भएको तथा प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनुपर्दछ ।

## बाल बचाउ

| विवरण | वडा नं. १ | प्रतिशत | वडा नं. २ | प्रतिशत | आवश्यक प्रतिशत |
|---|---|---|---|---|---|
| **गर्भवती महिला संख्या** | ४९ | १०० | २४ | १०० | |
| प्रसूति पूर्व चारपटक स्वास्थ्य जाँच गराउने गर्भवति महिला संख्याः | १० | २०.४१ | १८ | ७५ | ९५ |
| प्रसूति पश्चात आमा र नवजात शिशुमा कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराउने संख्या | १४ | २८.५७ | २३ | ९५.८३ | ९५ |
| टिटी विरुद्धको २ वटा खोप लगाउने गर्भवति महिला संख्याः | १० | २०.४१ | २४ | १०० | ९५ |
| आईरन चक्की (जम्मा २२५ वटा) खाने गर्भवती तथा सुत्केरी आमाहरूको संख्या | १० | २०.४१ | २३ | ९५.८३ | ९५ |
| दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने महिला संख्याः | १० | २०.४१ | १८ | ७५ | ८० |
| ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराउने महिला संख्या | १० | २०.४१ | २३ | ९५.८३ | ८० |
| कमतौल भएका बालबालिका संख्या | ० | | १ | | ८० |
| पुड्को र ख्याउटेपन भएको संख्या | ० | | ० | | ८० |
| अति कडा कुपोषण भएका बालबालिकाको संख्या | ० | | ० | | १०० |
| वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाने ६ महिना देखि ५ वर्ष मुनिका बालबालिका संख्याः | सबै | | सबै | | १०० |
| एक वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण | पुर्ण खोप | | पूर्ण खोप | | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| खोप प्राप्तगरी पूर्ण खोपयुक्त वडा घोषणा भएको अवस्थाः | | | | | |
| एच आई भी संक्रमित आमाबाट जन्मिएका बालबालिकाले ARV Prophylaxis पाएको अवस्थाः | ० | ० | ० | ० | १०० |
| वडाको घरपरिवार संख्याः | ७५४ | | ८८४ | | |
| आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार संख्याः | ७५४ | १००.० | ८८४ | १०० | १०० |
| घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध हुने परिवार संख्याः | ६८३ | ९०.५८ | ७९४ | ९० | १०० |
| चर्पीको सुविधा भएका परिवार संख्याः | ६२० | ८२.२३ | ८४९ | ९६ | १०० |
| चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु खुवाउनु अगाडि साबुन पानीले हात धुने परिवार संख्याः | ६२० | ८२.२३ | ७०० | ७९ | १०० |
| खुल्ला दिसामुक्त घोषणा भएको वा नभएको अवस्थाः | **भएको** | | **भएको ।** | | १०० |

उपरोक्त तालिकामा बालबालिकाको संख्या राष्ट्रिय जनगणना २०७८ को तथ्यांकलाइ आधार मानिएको छ । धूलीखेल, बनेपाहरुमा गर्भवती महिलाहरु जाने भएको हूंदा वडातहमा पूर्ण विवरण देखिदैन । एचआइभि संक्रमित आमाहरु तथा बालबालिकाको समेत सुचना उपलब्ध हून सकेन । यस तालिकामा वडा तहमा भएको छलफलका आधारमा तथ्यांक राखिएको छ तर राष्ट्रिय जनगणना २०७८ अनुसारको तथ्यांकलाई आधार मानेर हेर्दा वडा नं. १ मा ७५४ घरधूरी मध्ये १३४ (१७.७७ प्रतिशत) परिवार  र वडा नं. २ मा ८८४ घरधुरी मध्ये ३५ (३.९६ प्रतिशत) घरहरुमा शौचालयको प्रयोग गरेको देखिंदैन । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसारको तथ्यांकका आधारमा खानेपानी सुविधा उपलब्ध परिवारहरुमा छोपिएको कूवा वा इनार, खुला इनार वा कूवा र मूलको पानीको स्रोत प्रयोगकर्ता परिवारहरुमा आधारभूत तहको खानेपानी उपलब्ध नभएको परिवारसंख्या मानिएको छ । पांचखाल नगरपालिका २०७५ पूष ८ गते खुला दिसामूक्त पालिका घोषणा भएको देखिन्छ ।

## बाल संरक्षण

### पांच वर्ष मुनिका बालबालिकाको जन्मदर्ताको अवस्था

| | जम्मा नगरपालिकाको | | | वडा नं. १ | | | वडा नं. २ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| जम्मा बालबालिका | २८६३ | १५०५ | १३५८ | २१६ | १०९ | १०७ | ३२३ | १६५ | १५८ |
| दर्ता भएका | २००४ | १०५० | ९५४ | १५० | ७७ | ७३ | २०३ | १०६ | ९७ |
| दर्ता नभएका | ८५९ | ४५५ | ४०४ | ६६ | ३२ | ३४ | १२० | ५९ | ६१ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

उपरोक्त तालिका अनुसार पालिकामा जन्मदर्ता नियमित भएको देखिँदैन । बालमैत्री पालिका घोषणा गर्नका लागि सबै बालबालिकाहरूको जन्म दर्ता अपरिहार्य हुन जान्छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार वडा नं. १ मा ६९.४४ र वडा नं. २ मा ६२.८४ प्रतिशत मात्र दर्ता भएको देखिन्छ ।

## सूचकका आधारमा बाल संरक्षणको अवस्था

बाल संरक्षणका सूचकहरू १० वटा रहेका छन् । जस अन्तगर्त ५ वर्ष मुनीका सबै बालबालिकाको जन्मदर्ता भएको हुनुपर्ने, बालश्रम मुक्त वडा घोषणा भएको हुनपर्ने, बालश्रम प्रभावित बालबालिकाको पुनस्थापनाको व्यवस्था भएको हुनुपर्ने, बालबिबाह मुक्त पालिका भएको हुनुपर्ने, हिंसा वा दुर्व्यवहार नभएको हुनुपर्ने जस्ता सूचकहरू रहेका छन् । घरपरिवार समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला मा बालबालिका विरुद्ध हुने हिसा, बेचविखन, शोषण, वेवास्था र दुर्व्यवहार नभएको हुनुपर्ने, कमलरी तथा छाउपडी जस्ता कुप्रथा अन्त्य भएको हुनुपर्ने व्यवस्था रहेको छ । यसैगरी समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भएको हुनुपर्ने, स्थानीय तह समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विषेश व्यबस्था गरेको हुनुपर्ने, सडकबालबालिका भएको भए विधिसम्मत तरिकाले बालगृहमा राखी व्यवस्थापन गरिएको हुनुपर्दछ । साथै स्थानीय तहमा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिन नहुने तथा कुलतमा लागेका बालबिलको बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाइ उपयुक्त अनुगमन गर्ने व्यवस्था मिलाएको अवस्था हुनुपर्ने रहेको छ ।

**सूचक अनुसारको अवस्था**

| विवरण | वडा नं. १ | | वडा नं. २ | | हुनुपर्ने प्रतिशत |
|---|---|---|---|---|---|
| | जम्मा | भएको | जम्मा | भएको | |
| **पाँच वर्ष मुनीका बालबालिकाको संख्या** | २१६ | | ३२३ | | |
| ५ वर्ष मुनीका सबै बालबालिकाको जन्मदर्ता भएको हुनेछ । | १५० | ६९.४४ | २०३ | ६२.८४ | १०० |
| निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभाबित बालबालिकाको पुनस्थापना भएको हुनेछ । | ० | | ० | | १०० |
| स्थानीय तह बाल विवाह मुक्त घोषणा भएको हुनेछ | नभएको | | | **नभएको** | १०० |
| घरपरिवार समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला मा बालबालिका विरुद्ध हुने हिसा, बेचविखन, शोषण, वेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ । | तथ्यांक नभएको | | तथ्यांक नभएका | | ८० |
| समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ । | नभएको | | **नभएको** | | १०० |
| छाउपडी, कमलरी जस्ता सामाजिक कु-प्रथा नरहेको हुनेछ । | नभएको | | **नभएको** | | ९५ |
| स्थानीय तह समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यबस्था गरेका हुनेछन् । | नभएको | | **नभएको** | | १०० |
| स्थानीय तहमा सडक बालबालिकाको सख्या शून्य भएको हुनेछ । सडक बालबालिकालाइ (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने , | नभएको | | **नभएको** | | १०० |
| स्थानीय तहमा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | नभएको | | **नभएको** | | १०० |
| कुलतमा लागेका बालबालिकाको बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | नभएको | | **नभएको** | | १०० |

**स्रोतः समूहगत छलफल**

कतिपय अवस्थामा स्थानीय तहमा रहेको समाज कल्याण संस्था मार्फत पालिका तहमा देखिएका असहाय बालबालिकाहरू धुलीखेलमा रहेको मानवकल्याण संस्थामा बालबालिकाहरू सिफारिस गर्ने गरिएको छ । तर उक्त बालबालिकाहरूको अवस्थाबारे अनुगमन गर्ने गरिएको देखिँदैन ।स्थानीय तहले वडागत तहबाट नै

बालसंरक्षण सम्बन्धी सूचकहरूका बारेमा अभिमुखिकरण गर्ने, विद्यालयहरूमा भयरहीत वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।

## बाल विकास

बाल विकास अन्तर्गत विद्यालयमा रहेका सुविधाहरू जस्तै खानेपानी, पर्याप्त शाचालय सुविधाहरू, अपांगता मैत्री वातावरणा, पर्याप्त कक्षाकोठाहरू, पर्याप्त फर्निचर, खेल मैदान, अतिरिक्त कृयाकलाप, विद्यालयको सरसफाइ जस्ता सूचकहरू रहेका छन् । साथै प्रारम्भिक बालविकास केन्द्रहरू र तीनले अवलम्बन गरेका मापदण्डहरू, बालबिकास केन्द्रमा अध्ययनरत बालबालिकाको टिकाउदर जस्ता सूचकहरू रहेका छन् । उक्त सूचकहरू अनुसार वडाहरूको स्थिति निम्न अनुसार देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | खानेपानी सुविधा | शौचालय सुविधा छात्र छात्रा अलग अलग | अपांगता मैत्री | पर्याप्त कक्षा कोठा | पर्याप्त फर्निचर | खेल मैदान | अतिरिक्त कृयाकलाप हुने नहुने | फोहर व्यवस्थापन (कुहिने नकुहीने अलग अलग) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | कालिका मा.वि. कोटयांग वडा नं. १ | ३ | १ | २ | १ | १ | २ | १ | ३ |
| 2 | श्री सृजना प्रा.वि. वडा नं. १ | १ | २ | ३ | ३ | ३ | १ | १ | २ |
| 3 | श्री ज्ञानेश्वरी मा.वि. वडा नं. १ | ३ | २ | १ | १ | २ | १ | २ | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 4 | भक्रमदेवी मा.वि. वडा नं. २ | १ | १ | १ | १ | १ | १ | १ | ३ |
| 5 | बालप्रतिभा आ . वि. वडा नं. २ | १ | १ | २ | २ | १ | २ | १ | ३ |
| 6 | श्री ज्ञानोदय आ .वि. वडा नं. २ | १ | १ | १ | १ | १ | १ | २ | ३ |

नोटः पर्याप्त भएको १, भएको तर अपर्याप्त २, नभएको ३,

प्रस्तुत तालिका अनुसार सबै विद्यालयहरूमा सेवा सुविधा पर्याप्त देखिँदैन । प्रायजसो विद्यालयहरूमा फोहर व्यवस्थापन व्यवस्थित भएको देखिँदैन । कालिका मा.वि.मा खानेपानी सुविधा पर्याप्त देखिँदैन । विद्यालयहरूमा चर्पीको सुविधा भएको देखिए पनि महिला र पुरूषका लागि पर्याप्त नभएको देखिन्छ । विद्यालयमा अतिरिक्त कृयाकलापहरू भएको देखिन्छ तर यसमा पर्याप्तता देखिँदैन । समग्रमा हेर्दा वडाहरूलाइ वालमैत्री बनाउन दुवै वडातहमा रहेका विद्यालयहरूको पूर्वाधारमा सुधार गर्नुपर्ने देखिन्छ ।

## २ वडामा भएका बाल बिकास केन्द्रको संख्या

| क्र सं. | बालबिकास केन्द्रको नाम | स्थान | बालबालिका संख्या | | |
|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा |
| १ | कालिका बालबिकास केन्द्र | वडा १, कोटयांग | ७ | १५ | २२ |
| २ | कालिका बालबिकास केन्द्र, समुदायमा बेसिटोल | वडा १, दोङ गाउँ घुमाउने चौर | ५ | ५ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्रीजना बालबिकास | वडा १, दोङ गाउँ | ७ | ११ | १८ |
| ४ | ज्ञानेश्वरी बालबिकास | वडा १, पँदाली चौर | ६ | ८ | १४ |
| ५ | श्री बाल प्रतिभा आ.वि. | वडा २, पुरानो पोखरी | १७ | २० | ३७ |
| ६ | भक्रमदेवी मा.वि. | वडा २, द्वारे डिही | २१ | १८ | ३९ |
| ७ | ज्ञानोदय मा.वि. | वडा नं. १ | १० | ८ | १८ |

स्रोतः पालिकाको शिक्षा शाखा

कालिका बाल विकास केन्द्रमा समेटिन सक्ने २ जना बालबालिकाहरू बाल बिकास केन्द्रमा नरहेको देखिएको छ । वडा नं. १ मा ३ देखि ४ वर्ष सम्मका बालबालिका प्रारम्भिक वालविकास कक्षामा भर्ना भएको अवस्था पूर्ण नरहेके अवस्था रहेको देखियो भने दुवै वडामा बाल विकास केन्द्रमा भर्ना भएका बालबालिकाहरूमा सत प्रतिशत टिकाउदर भएको पाइयो । दुवै वडाहरूमा फरक क्षमता (अपांगता) भएका बालबालिकाहरू बालबिकास केन्द्रमा देखिएन । ५ देखि १४ वर्ष उमेर समूहका बालबालिका विद्यालय बाहिर भएको देखिएन ।

**बालमैत्री सूचकहरू अनुसार बाल विकास तर्फ वडाहरूको अवस्था निम्न अनुसार देखिएको छ ।**

| सूचकहरू | वडा नं. १ | प्रतिशत | वडा नं. २ | प्रतिशत | हुनुपर्ने |
|---|---|---|---|---|---|
| ३ देखि ४ वर्ष सम्मका बालबालिका प्रारम्भिक वालविकास कक्षामा भर्ना भई टिकाउदर सत प्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था हनपर्ने। | ६४ | | ७६ | | १०० |
| ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म। पाएका हुनेछन् । | पाएको | | पाएको | | १०० |
| प्रत्येक विद्यालयमा पानीको सुविधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भइ यसको प्रयोग हुनेछ । | अर्पयाप्त | | अर्पयाप्त | | १०० |
| सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानीको धारा) बालमैत्री, अपांङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | अपर्याप्त | | अपर्याप्त | | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | भएको | | भएको | | १०० |
| सबै विद्यालयहरूले कुहिने र नकुहिने फोहोर जम्मा गरी विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । | नभएको | | नभएको | | १०० |

बाल बिकास तर्फ हेरिने मुख्य सूचकहरूमा ३ देखि ४ वर्ष सम्मका बालबालिका प्रारम्भिक वालविकास कक्षामा भर्ना भई टिकाउदर सत प्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था हनपर्नेमा दुवै वडामा यो सूचक प्रभावकारी देखिएको छ ।
५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म। पाएका हुनेमा दुवै वडाका उक्त उमेर समूहका बालबालिकाहरू विद्यालयमा नै रहेको देखिएको छ ।
प्रत्येक विद्यालयमा पानीको सुविधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भइ यसको प्रयोग हुनुपर्नेमा सबै विद्यालयहरूमा शौचालयको पर्याप्त व्यवस्था हुनुपर्ने, लैंगिक मैत्री हुनुपर्ने, पर्याप्त पानीको व्यवस्था हुनुपर्ने देखिन्छ ।

सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानीको धारा) बालमैत्री, अपांङ्गमैत्री र सुरक्षित भएका हुनुपर्नेमा पूर्वाधारको दृष्टिले पर्याप्त देखिएन । प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको देखियो भने सबै विद्यालयहरूले कुहिने र नकुहिने फोहोर जम्मा गरी विसर्जन गर्ने व्यवस्था गरेको देखिएन ।

## बाल सहभागिता

बाल सहभागिता सम्बन्धी मुख्यतः निम्नअनुसारका सूचकहरू रहेको अवस्थामा बालमैत्री वडा घोषणा गर्न किने प्रावधान रहेको छ ।

स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भइ क्रियाशील भइ न्यूनतम वार्षिक ३ वटा बैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनुपर्ने, स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बालक्लब गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा बैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनुपर्ने, ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहेको हुनुपर्ने व्यवस्था गरिएको छ । यसै गरी स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व भएको हुनुपर्ने, स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनुपर्ने र बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएको हुनुपर्दछ ।

## १ वडा तहमा भएका बालक्लव र बाल सञ्जालको विवरण

पाँचखाल नगरपालिका अन्तर्गत वडा नं. १ र २ मा वडा तहमा भएका बालक्लवहरू, उनीहरूले सम्पन्न गरेका बैठक तथा कार्यक्रमहरूको विवरण निम्न अनुसार रहेको छ ।

| क्र.सं. | बालक्लबको नाम | सदस्य संख्या | | ३ वटा बैठक भएको | ३ वटा कार्यक्रम भएको |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | | |
| १ | सृजना बालक्लब वडा १ | ७ | ५ | ३ वटा बैठक | कार्यक्मकमहरु हूने गरेको |
| २ | श्री ज्ञानेश्वरी बालक्लब वडा १ | ९ | ६ | बैठक नियमित नभएको | भएको |
| ३ | कालिका बालक्लब वडा १ | ६ | ५ | बैठक नियमित भएको | भएको |
| ४ | भकमदेवी बालक्लब वडा २ | १० | १५ | ५ वटा बैठक | ७ वटा कृयाकलापहरु भएको |
| ५ | श्री बालप्रतिभा क्लब वडा २ | ४ | ९ | ७ वटा बैठक | ७ वटा कृयाकलापहरु भएको |

***स्रोतः बालक्लव सञ्जालका प्रतिनिधि***

वडा तहमा पाँचवटा बालक्लवहरू सञ्चालनमा रहेको देखियो । कालिका बालक्लबको पुरा विवरण प्राप्त हुन सकेन भने वडा नं. १ मा रहेका बालक्लवहरूमध्ये दुइवटा सक्रीय रहेको देखियो । वडा नं. २ मा रहेका दुइवटै बालक्लवहरूका बैठकहरूमा नियमितता देखियो, उनीहरले ५ देखि ७ वटा सम्म बैठक गरेको पाइयो भने ७ वटा सम्म गतिविधिहरू सम्पन्न गरेको देखियो ।

## बालसहभागिता

| क्र.सं. | सूचकहरू | वडा नं. १ | प्रतिशत | वडा नं. २ | प्रतिशत | हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा बैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | छ | | छ | | ९५ |
| २ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बालक्लब गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा बैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ३ | | २ | | ९५ |
| ३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ । | नभएको | | नभएको | | १०० |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व हुनेछ । | नभएको | | नभएको | | १०० |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | भएको | | भएको | | ९० |
| ६ | बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् | नभएको | | भएको | | १०० |

बाल भेला हुने गरेको र बालभेलाबाट योजना माग गर्ने गरिएको पाइयो । यसरी माग गरेका योजना पालिकाको योजनामा समावेश भएको देखियो । बालबालिकाबाट क्षमता अभिवृध्दि, पोषण कार्यक्रम माग भएको पाइयो भने नगर शिक्षा एनमा समावेश गरिएको देखिएन । पाँचखाल नगरपालिकाले बालअधिकार अधिकार समिति गठन तथा कार्य सञ्चालन सम्बन्धी कार्यविधि २०७८ साल पुष १४ गते पारीत गरी सो निर्देशिका बमोजिम बाल अधिकार समिति तथा किसोरी समिति वडाहरूमा गठन गरेको देखिन्छ । नगरपालिकाले बालअधिकार तथा बालबालिकाको हकहितको संरक्षण र संवर्धन गर्न उपप्रमुख वा उपप्रमुखले तोकेको कार्यपालिकाको सदस्यको अध्यक्षतामा बालअधिकार समिति गठन गर्ने कार्यविधि बनाएको देखिन्छ ।

## संस्थागत विकास

| क्र.सं. | सूचकहरू | वडा नं. १ | प्रतिशत | वडा नं. २ | प्रतिशत | हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| १ | बडा गाउँ नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भइ क्रियाशील रहेका हुनेछन् | छ | | छ | | १०० |
| २ | स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा त्याएका हुनेछन । | छैन | | छैन | | १०० |
| ३ | गाउँपालिका नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोतकेन्द्र सञ्चालनमा रहेको हुनेछ । | छैन | | छैन | | ८० |
| ४ | बालबालिकाको बस्तुगत विवरण (प्रोफाइल को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भइ कार्यान्वयन भएको हुनेछ । | छैन | | छैन | | १०० |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा बडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | छैन | | छैन | | १०० |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ | छैन | | छैन | | १०० |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हनेछन् | छ | | छ | | १०० |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि बालमैत्री, वातावरणमैत्री र विपद व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | छैन | | छन् | | १०० |
| ९ | आधारभूत शिक्षा पश्चात बिद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाले जीवन उपयोगी शिक्षा व्यवसायिक तथा सीपमूलक तालीम प्राप्त गरेका हुनेछन् । | छैन | | छैन | | ८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ । | छैन | | छैन | | १०० |
| ११ | विद्यार्थी सवार हुने शैक्षिक सस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् | छैन | | छैन | | १०० |
| १२ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्थापन भएको हुनेछ । | छ | | छ | | १०० |
| १३ | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | अपर्याप्त | | छैन | | १०० |
| १४ | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | नभएको | | नभएको | | १०० |
| १५ | विपदको समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको विषेश सहयोगका लागि सस्थागत व्यवस्था भएको हुनेछ । | छैन | | छैन | | १०० |

यस अन्तर्गत पालिका तहमा बालमैत्री स्थानीय शासन समिति पालिका तहमा गठन भएको देखिएको छ । यसले नियमित बैठक बस्ने काम समेत गरेको छ भने पालिका प्रमुखको अध्यक्षतामा २०८० साल जेठ १९ गते समिति गठन गरिएको छ । उक्त समितिले काम कर्तव्यहरू निर्धारण गरी पाँचखाल नगरपालिकालाइ बालमैत्री नगरपालिका घोषणा गर्ने, १३ वटै वडाहरूमा गठित किसोरी समूहहरूलाइ तालिम दिने लगायतका निर्णयहरू गरेको छ । वडा नं. १ र वडा नं. २ मा वडाध्यक्षहरूको संयोजकत्वमा जेठ २ र ३ गते समितिहरू गठन भएको देखिन्छ । पालिका तहले निर्णय गरेर वडा तहमा बालमैत्री वडाहरू घोषणा गर्न प्रयास सुरू गर्न लागेको छ भने वडा तहमा बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको देखिँदैन

वडामा बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोतकेन्द्र सञ्चालनमा रहेको समेत देखिँदैन । वडा नं. २ को बाल विकास केन्द्र रहेको छ तर बालउद्यान सहितको निर्माण भएको छैन ।

हालसम्म पालिका तहमा वा वडा तहमा बालबालिकाको बस्तुगत विवरण (प्रोफाइल, पार्श्वचित्र) तयार भएको छैन । स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र नगरपालिका तहमा बालभेला आयोजना गर्ने गरिएको एउटा उदाहरण देखिन्छ भने बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा

प्रक्रियामा एक वटा योजना समावेश गरिएको छ । स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी गर्न शुरू गरिएको छ ।

पालिकाले प्रारम्भिक बालबिकास केन्द्हरूको लागि न्यूनतम् मापदण्ड निर्धारणा गरेको छैन । तर शिक्षा मन्त्रालय अन्तर्गतका निकायहरूले तय गरेका जिल्ला शिक्षा समन्वय समितिबाट प्राप्त मापदण्डका अधारमा बाल विकास केन्द्रहरू सञ्चालन गरिएका छन् ।

केही विद्यालयहरूले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि बालमैत्री, वातावरणमैत्री र विपद व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका छन् भने केहीले गरेका छैनन् । आधारभूत शिक्षा पश्चात बिद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरूको यकिन तथ्यांक उपलब्ध छैन भने उनीहरू विद्यालय छाडे पछि के गर्दैछन् भन्ने व्यक्तिगत अभिलेख उपलब्ध हुन सकेको छैन ।

सूचक १२ अन्तर्गत नगरपालिको प्रशासकीय भवनमा स्तनपान कक्षको व्यवस्था गरिएको देखिन्छ भने वडा तहमा व्यवस्था हुन सकेको देखिँदैन ।

सम्बन्धित वडाहरूमा प्रहरी (कार्यालय) चौकीहरूमा छैनन् । यो सूचक उक्त वडाहरूमा सम्बन्धित देखिँदैन । साथै सम्बन्धित वडाहरूका विद्लयहरू वा शैक्षिक संस्थाहरूमा सवारी साधन देखिँदैन । स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्थापन भएको देखिँदैन ।

स्थानीय तहमा विपद् व्यवस्थापन योजना बनाइएको छ । उक्त योजनाले योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश गर्ने प्रयत्न गरिएको छ ।विपदको समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको विषेश सहयोगका लागि सस्थागत व्यवस्था भएको देखिँदैन ।

सूचकहरूलाइ व्याख्यात्मक रूपमा हेर्दा बाल भेला हुने गरेके, स्थानीय तहको योजना तर्जुमा प्रकृयामा बालबालिकाहरूलाइ समावेश गर्ने गरेको देखिन्छ ।

स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड अनुरूप बालबिकास केन्द्रमा पेन्टिङ, दिवा खाजा, सयनकक्ष, बाद्य बादनको व्यवस्था, खेलकुदका सामानहरू जस्तै चिप्लेटी, पिङ लगायत र खेल्ने ठाउँको समेत व्यवस्था गरिएको छ ।

प्रकोप तथा विपद् बाट जोगिन बालबालिकाहरूलाइ जनचेतनामुलक कार्यक्रम गर्ने गरिएको, वातावरण, सरसफाइ कार्यक्रम गर्ने गरिएको, विद्यालय स्तरीय खेलकुद गर्ने गरिएको देखिन्छ ।

वडा नं. २ मा खेलमैदानमा चर्पीको व्यवस्था नभएको तर खानेपानी सुविधा भएको देखिन्छ भने वडा नं. १ मा सार्वजनिक स्थलहरू भएको देखिँदैन ।

स्थितिपत्र निर्माणको क्रममा भएका केही तस्वीरहरू







सूचकका बारेमा अभिमुखिकरण कार्यक्रम

समूहगत छलफल, बालबालिकाको स्थितिपत्रका तथ्यांक संकलनका लागि ।



